सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily


राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक ३६२ ♦ २०८३ साल असोज ७ बुधवार ♦ 23 Sep 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

**विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।**

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९




तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

## भोटेकोशी बाढी अपडेट : १ हजार ४ सय ५१ जनाको शव भेटियो

**खबर दर्पण समाचारदाता**
**असोज ६ गते, बर्दिवास**

रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीका कारण मंगलबार २ बजे सम्म १ हजार ४ सय ५१ जनाको शव फेला परेको छ ।

जसमध्ये रसुवामा २ सय ३६ जना, नुवाकोटमा २ सय ३ जना, धादिङमा ७२ जना, चितवनमा ३ सय ६७ जना, गोरखामा ७९ जना, तनहुँमा ३८ जना, नवलपरासी पूर्वमा २ सय ३२ जना र नवलपरासी पश्चिममा २ सय २२ जना गरी १ हजार ४ सय ४९ जनाको शव फेला परेको हो। साथै २ जनाको काठमाडौंमा उपचारको क्रममा मृत्यु भएको हो ।

फेला परेका शवहरूको पहिचानका लागि डिएनए नमुना सङ्कलन देखि आवश्यक प्रक्रिया पुरा गरी हाल सम्म १ हजार ३ सय ३३ वटा शव व्यवस्थापन ९माटो मुनि सुरक्षित राखिएको० गरिएको छ ।

शव पहिचानका लागि मृतकका १ हजार ३ सय २९ र आफन्तका २ हजार १६ गरी कुल ३ हजार ३ सय ४५ वटा डिएनए नमुना सङ्कलन गरिएको छ । साथै पहिचान नभएको १ हजार ४ सय २४ वटा शवहरूको विवरण नेपाल प्रहरीको वेबसाइटमा समेत अपलोड गरिएको छ ।

## प्रधानमन्त्री शाह अमेरिका प्रस्थान

**खबर दर्पण समाचारदाता**
**असोज ६ गते, बर्दिवास**

प्रधानमन्त्री वालेन्द्र शाह संयुक्त राष्ट्रसङ्घको ८१औं महासभामा सहभागी हुन नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै आज साँझ ७ बजे त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट कतारको दोहा हुँदै अमेरिकाको न्युयोर्क प्रस्थान गर्नुभएको छ।

प्रधानमन्त्री शाहलाई दोहास्थित हमाद अन्तर्राष्ट्रिय विमानस्थलमा कतारका लागि नेपालका कार्यवाहक राजदूत तथा वरिष्ठ अधिकारीहरूले स्वागत गर्नुहुनेछ।

प्रधानमन्त्री शाह बुधबार असोज ७ गते दोहाबाट न्युयोर्कतर्फ प्रस्थान गर्नुहुनेछ। न्युयोर्कस्थित जोन एफ केनेडी अन्तर्राष्ट्रिय विमानस्थलमा उहाँलाई संयुक्त राष्ट्रसङ्घका लागि नेपालका स्थायी प्रतिनिधि, अमेरिकाका लागि नेपालका कार्यवाहक राजदूतलगायत अधिकारीहरूले स्वागत गर्नुहुनेछ।

सोही दिन प्रधानमन्त्री शाहले संयुक्त राष्ट्रसङ्घका लागि नेपालको स्थायी नियोगमा पुगेर परराष्ट्र सचिव, संयुक्त राष्ट्रसङ्घका लागि नेपालका स्थायी प्रतिनिधि, अमेरिकाका लागि नेपालका कार्यवाहक राजदूत र न्युयोर्कस्थित नेपालका महावाणिज्यदूतबाट भ्रमणका विषयमा ब्रिफिङ लिनुहुनेछ। त्यसपछि उहाँको सम्मानमा नेपालका लागि स्थायी प्रतिनिधिहरूले आयोजना गर्ने समारोहमा सहभागी हुनुहुनेछ। असोज ८ गते प्रधानमन्त्री



शाहले संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेससँग भेटवार्ता गर्नुहुनेछ। त्यसलगत्तै उहाँले महासभालाई नेपालको तर्फबाट सम्बोधन गर्नुहुने कार्यक्रम छ।

प्रधानमन्त्री शाह असोज ९ गते न्युयोर्कबाट दोहा प्रस्थान गर्नुहुनेछ। दोहास्थित हमाद अन्तर्राष्ट्रिय विमानस्थलमा उहाँलाई नेपालका कार्यवाहक राजदूत तथा वरिष्ठ अधिकारीहरूले स्वागत तथा बिदाइ गर्नुहुनेछ।

प्रधानमन्त्री शाह असोज १० गते काठमाडौंस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आइपुग्ने कार्यक्रम छ।

## कांग्रेसको नेतृत्व छान्ने महाधिवेशन प्रतिनिधि कसरी चुनिन्छन् ?

**खबर दर्पण समाचारदाता**
**असोज ६ गते, बर्दिवास**



नेपाली कांग्रेसको १५औं महाधिवेशनअन्तर्गत वडा अधिवेशन जारी छ। ७ असोजमा पालिका अधिवेशन र १० असोजमा प्रदेशसभा र प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन हुनेछ। प्रदेशसभा र प्रतिनिधिसभा क्षेत्रीय अधिवेशनले केन्द्रीय महाधिवेशन प्रतिनिधि छान्ने व्यवस्था कांग्रेसको विधानमा छ ।

कांग्रेसको विधान २०१७ (११औं संशोधन, २०८२) ले पार्टीलाई वडा तहदेखि केन्द्रीय तहसम्म सातवटै सांगठनिक तहमा चुनावी प्रक्रियाबाट नेतृत्व चयन गर्ने व्यवस्था गरेको छ । वडा तहबाट चुनिएका क्रियाशील सदस्यहरूले क्षेत्रीय प्रतिनिधि चयन गर्छन्, क्षेत्रीय प्रतिनिधिहरूले नगर समिति, क्षेत्रीय समिति, जिल्ला समिति, प्रदेश महाधिवेशन प्रतिनिधि र केन्द्रीय महाधिवेशन प्रतिनिधि चयन गर्छन् ।

कांग्रेसको महाधिवेशन प्रतिनिधि बन्न क्रियाशील सदस्य बन्नुपर्ने हुन्छ । विगतमा केन्द्रीय सदस्यहरू स्वतः महाधिवेशन प्रतिनिधि बन्ने व्यवस्था रहे पनि गत पुसमा भएको विशेष महाधिवेशनले विधान संशोधन गरेर केन्द्रीय नेतालाई पनि वडाबाटै प्रतिनिधि बनेर आउनुपर्ने बाध्यकारी व्यवस्था गरेको छ ।

कांग्रेसको विधानअनुसार वडा अधिवेशनबाट क्रियाशील सदस्य संख्याका आधारमा क्षेत्रीय अधिवेशनका लागि प्रतिनिधिहरू चयन हुन्छन्। १५० वा सोभन्दा कम क्रियाशील सदस्य भएको वडाको अधिवेशनले क्रियाशील सदस्यमध्येबाट क्षेत्रीय अधिवेशनका लागि कम्तीमा तीन जना महिला, एक श्रमिक वा पेसागत क्षेत्रसहित नौ जना क्षेत्रीय प्रतिनिधिहरू चयन गर्न सक्छ ।

त्यस्तै, ३० वर्ष उमेर नपुगेका एक महिलासहित तीन युवालाई पनि क्षेत्रीय प्रतिनिधिका लागि वडा अधिवेशनले प्रत्यक्ष निर्वाचित गर्नुपर्ने व्यवस्था विधानमा छ ।

त्यस्तै, १५० भन्दा बढी क्रियाशील सदस्य भएको वडामा बढीमा ५५ को सीमाभित्र रहेर प्रति १५० थप क्रियाशील सदस्यमा दुई महिला र एक युवासहित छ जना थप प्रतिनिधि प्रत्यक्ष निर्वाचित गर्न सक्ने व्यवस्था छ ।

महिला, दलित, आदिवासी जनजाति, खस-आर्य, मधेशी, थारू, मुस्लिम, अल्पसंख्यक, पिछडिएको क्षेत्रबाट प्रत्यक्ष निर्वाचित हुने सदस्य संख्याको ५० प्रतिशत संख्यामा वडाको जनसंख्याको बनोटअनुसार समानुपातिक आधारमा तोकिएबमोजिम प्रतिनिधि निर्वाचित गर्नुपर्ने विधानमा उल्लेख छ ।

अपांगता भएका र दलित क्रियाशील सदस्यमध्येबाट एक-एक जना प्रतिनिधि हुनेछन् । कांग्रेसको वडा कार्यसमिति सभापति पदेन क्षेत्रीय अधिवेशन प्रतिनिधि हुने व्यवस्था विधानमा छ ।

प्रतिनिधिसभा क्षेत्रीय अधिवेशनले आफूबाटै केन्द्रीय महाधिवेशन प्रतिनिधि निर्वाचित गर्ने व्यवस्था कांग्रेसको विधानमा गरिएको छ। वडाबाट छनोट भएर आएका व्यक्तिहरूले प्रतिनिधिसभा क्षेत्रीय अधिवेशनबाट महाधिवेशन प्रतिनिधि छनोट गर्नेछन् ।

विधानअनुसार प्रतिनिधिसभा निर्वाचन क्षेत्रभित्रका प्रदेशसभा क्षेत्रीय अधिवेशन प्रतिनिधिहरू प्रतिनिधिसभा क्षेत्रीय अधिवेशनका सदस्यहरू हुन्छन् ।

प्रतिनिधिसभा क्षेत्रीय अधिवेशनले आफूमध्येबाट कम्तीमा १४ जना केन्द्रीय महाधिवेशन प्रतिनिधिहरू प्रत्यक्ष निर्वाचित गर्ने व्यवस्था छ । यसमा समावेशी बनाउनुपर्ने बाध्यात्मक व्यवस्था गरिएको छ। कम्तीमा चार जना महिला निर्वाचित हुनुपर्ने व्यवस्था छ । त्यस्तै, श्रमिक, पेसागत क्षेत्र वा विषयविज्ञबाट दुई जना, ३५ वर्षमुनिका युवाबाट एक महिलासहित तीन जना तथा

*बाँकी पृष्ठ ३ मा*


खबर दर्पण
राष्ट्रिय दैनिक



# चार दिनको भीषण वर्षाबाट जोगाउन के छ सरकारको युद्धस्तरको पूर्वतयारी ?

खबर दर्पण समाचारदाता

**असोज ६ गते, बर्दिबास**




बंगालको खाडीमा विकसित शक्तिशाली न्यूनचापीय प्रणालीका कारण नेपालमा यही असोज ८ गतेदेखि १२ गतेसम्म अधिकांश भू-भागमा भीषण वर्षा हुने पूर्वानुमान गरिएको छ ।

अन्तर्राष्ट्रिय मौसम मोडेलहरूको विश्लेषणका आधारमा विज्ञहरूले विशेषगरी देशको पूर्वी र मध्यभागमा लगातार झरी र भारी वर्षाको सम्भावना औंल्याएका छन्, जसले गर्दा जनजीवन प्रभावित हुन सक्ने भन्दै सरकारले उच्च सतर्कता अपनाउन सबैलाई आग्रह गरेको छ ।

चाडबाडको मुखमा हुन लागेको यो मौसमी फेरबदलले निम्त्याउन सक्ने बाढी, पहिरो र डुबानको जोखिमलाई ध्यानमा राख्दै गत वर्षको विनाशकारी घटनाबाट पाठ सिकेर पूर्वतयारीमा जुट्नुपर्ने आवश्यकता देखिएको विज्ञहरूले औंल्याएका छन् ।

## आगामी शुक्रबारदेखि सोमबारसम्म कहाँ-कहाँ हुँदैछ अति भारी वर्षा ?

## भीषण वर्षाको यस्तो छ पूर्वानुमान

मौसमविद् विनोद पोखरेलका अनुसार विश्वका तीन प्रमुख मौसम पूर्वानुमान मोडेलहरू ईसीएमडब्लूएफ, जीएफएस र आइकनको विश्लेषणले असोज ८ (सेप्टेम्बर २४) देखि १२ (सेप्टेम्बर २८) गतेसम्म नेपालमा व्यापक वर्षा हुने देखाएको छ ।

यो पूर्वानुमानअनुसार देशको पूर्वी र मध्य भागमा वर्षाको प्रभाव सबैभन्दा लामो र सघन हुनेछ । विशेषगरी कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशमा लगातार चार दिनसम्म झरी पर्ने र भारी वर्षासमेत हुन सक्ने सम्भावना बलियो छ, किनकि यी क्षेत्रमा तीनवटै मोडेलको नतिजा मिलेको छ ।

मधेस र कर्णाली प्रदेशमा पनि दुईदेखि तीन दिनसम्म भारी वर्षाको सम्भावना छ । यद्यपि, सुदूरपश्चिम प्रदेशको मौसम भने अनिश्चित देखिएको छ, जहाँ विभिन्न मोडेलले शून्यदेखि चार दिनसम्म वर्षाको फरक-फरक पूर्वानुमान गरेका छन् ।

जिल्लागत रूपमा हेर्दा, असोज ९ र १० (सेप्टेम्बर २५ र २६) गते वर्षाको फैलावट देशभर नै उच्च विन्दुमा पुग्नेछ । यी दिनमा कोशी प्रदेशका ओखलढुङ्गा, भोजपुर, सङ्खुवासभा; बागमतीको र सुवा, धादिङ, सिन्धुपाल्चोक, काठमाडौं उपत्यका तथा गण्डकीका गोरखा, मनाङ र मुस्ताङका शतप्रतिशत भूभागमा वर्षा हुने अनुमान छ। मौसमविद्हरूले पूर्वसूचनाका रूपमा बुझेर सतर्कता अपनाउनुपर्नेमा जोड दिएका छन् ।

## यसरी भित्रिँदैछ शक्तिशाली मौसमी प्रणाली

जल तथा मौसम विज्ञान विभागका अनुसार उत्तर अण्डमान सागर मा विकसित भएको न्यूनचापीय क्षेत्र हाल बंगालको खाडीको मध्यभागमा आइपुगेर थप शक्तिशाली बन्दै 'डिप डिप्रेसन'मा परि णत भएको छ। यो प्रणाली पश्चिम-उत्तरपश्चिम दिशातर्फ अघि बढ्दै गएकाले यसको प्रत्यक्ष प्रभावस्वरूप बुधबारदेखि नै नेपालको कोशी, मधेस, बागमती र गण्डकी प्रदेशमा वर्षाको गतिविधि बढ्नेछ ।

विभागले जारी गरेको विशेष मौसम बुलेटिनमा असोज ९ गतेदेखि ११ गतेसम्म गण्डकी र लुम्बिनी प्रदेशका केही स्थानमा मेघगर्जन, चट्याङ र हावाहुरीसहित भारीदेखि धेरै भारी वर्षा हुने र एक-दुई स्थानमा अतिभारी (२०० मिलिमिटरभन्दा बढी) वर्षाको समेत सम्भावना रहेको उल्लेख छ । विभागको वर्गीकरणअनुसार २४ घण्टामा ५० देखि १०० मिलिमिटरसम्मको वर्षालाई भारी, १०० देखि २०० मिलिमिटरलाई धेरै भारी र २०० मिलिमिटरभन्दा बढीलाई अति भारी वर्षा मानिन्छ । यो प्रणालीको असरले उच्च हिमाली भेगमा भारी हिमपातसमेत गराउने भएकाले पर्वतारोहण र पदयात्रामा निस्कन पनि जोखिमपूर्ण हुने देखिएको छ ।

## बंगालको खाडीमा बनेको न्यून चापीय प्रणाली नेपालतर्फ सर्दै

## जोखिम न्यूनीकरणका लागि सरकारको तयारी

सम्भावित भीषण वर्षा र त्यसले निम्त्याउन सक्ने विपद्लाई ध्यानमा राख्दै सरकारले पूर्वतयारीलाई तीव्रता दिएको छ। गृहमन्त्री सुधन गुरुङ र ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री विराजभक्त श्रेष्ठले जल तथा मौसम विज्ञान विभागको कार्यालयमै पुगेर महानिर्देशक अर्चना श्रेष्ठलगायत विज्ञहरूसँग सम्भावित जोखिम र आवश्यक तयारीबारे छलफल गरेका छन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले विशेष सूचना जारी गर्दै आम नागरिक र सबै सरोकारवाला निकायलाई उच्च सतर्कता अपनाउन अनुरोध गरेको छ। प्राधिकर णले बाढी, पहिरो, गेग्रान बहाव र डुबानको जोखिम उच्च रहेकाले उक्त अवधिमा अत्यावश्यक कामबाहेक लामो दूरी र विशेषगरी रातिको समयमा यात्रा नगर्न सर्वसाधारणलाई आग्रह गरेको छ । साथै जोखिमयुक्त राजमार्ग र सडकहरूमा डोजर, एक्साभेटरजस्ता उपकरणहरू तयारी अवस्थामा राख्न सम्बन्धित निकायलाई निर्देशन दिइएको छ। तीनवटै सुरक्षा निकाय, प्रदेश सरकार, स्थानीय तह र स्वयंसेवकहरूलाई प्रतिकार्यका लागि तयारी अवस्थामा रहन भनिएको छ ।

## गत वर्षको क्षतिबाट के सिक्ने ?

गत वर्ष दसैं लगत्तैको बेमौसमी वर्षाले निम्त्याएको विपत्ति नेपालका लागि एक तीतो यथार्थ हो, जसबाट यसपटक पाठ सिक्नु अनिवार्य रहेको विपद् विज्ञहरू भन्छन् । 'गत वर्षको बाढीपहिरोमा परी कोशी प्रदेशमा मात्रै ४८ जनासहित देशभर ५२ जनाले ज्यान गुमाएका थिए, झन्डै यस्तै खालको पुर्वानुमान थियो । यसपटक पनि पहिले नै जानकारी आइसकेकोले सरकारले सोहीअनुसार एक्सन प्लान गर्नुपर्छ,' विपद् क्षेत्रमा काम गरेका सुबास गौतम भन्छन्, 'हुन त गृहमन्त्री नै विपद्बाट जुध्ने खालको हुनुहुन्छ तर एक्सनमा पनि देखाउनुपरो । पूर्वतयारी एकदम बलियो गरे मात्रै क्षति कम गर्न सक्छि,' उनी भन्छन् ।

गत वर्ष इलाममा मात्रै पहिरोका कारण ३७ जनाको मृत्यु भएको थियो। रौतहटको महेशपुरमा ३५८ मिलिमिटर र इलामको हिमाली गाउँमा ३३२.६ मिलिमिटरजस्ता कीर्तिमानी वर्षा रेकर्ड भएको थियो । त्यो बेला जल तथा मौसम विज्ञान विभागले समयमै पूर्वानुमान गरेर सूचना प्रवाह गर्दा बाढीबाट हुने क्षति केही हदसम्म कम गर्न सकिए पनि पहिरोको पूर्वानुमान गर्ने प्रभावकार ी संयन्त्र नहुँदा र एकैपटक ठुलो पानी पर्दा पहाडी क्षेत्रमा भयानक मानवीय क्षति हुन पुगेको थियो ।

यसपटक पनि गण्डकी र लुम्बिनी प्रदेशका पहाडी जिल्लाहरूमा भारीदेखि अतिभारी वर्षाको पूर्वानुमान गरिएकाले पहिरोको जोखिम अत्यन्तै उच्च छ । 'समयमै सूचना प्रवाह गर्ने, जोखिमयुक्त बस्तीका बासिन्दालाई सुरक्षित स्थानमा सार्ने र राज्यका सबै अंगबिच समन्वय कायम गरी पूर्वतयारीमा जुट्नु नै गत वर्षको त्रासदी दोहोरिन नदिने एकमात्र उपाय हो,' गौतम भन्छन् ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिबास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# कांग्रेसको नेतृत्व छान्ने महाधिवेशन.....

अपांगता भएका व्यक्तिबाट एक जना प्रत्यक्ष निर्वाचित हुने व्यवस्था छ ।

कांग्रेसले विभिन्न समुदायको प्रतिनिधित्व सुनिश्चित गर्न समावेशी समूहबाट पनि महाधिवेशन प्रतिनिधि निर्वाचित गर्ने व्यवस्था गरेको छ ।

त्यस्तै, १० जना महाधिवेशन प्रतिनिधिहरू प्रतिनिधिसभा निर्वाचन क्षेत्रको जनसंख्याको बनोटअनुसार तोकिएको समानुपातिक आधारमा निर्वाचित गर्नुपर्ने कांग्रेसको विधानमा उल्लेख छ, जसअन्तर्गत महिला, मधेशी दलित, आदिवासी जनजाति, खस-आर्य, मधेशी, थारू, मुस्लिम र पिछडिएको क्षेत्रबाट महाधिवेशन प्रतिनिधि निर्वाचित हुनेछन् ।

कांग्रेसको विधानअनुसार प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिका सभापति र गाउँ-नगरपालिका कार्यसमितिका सभापति भने पदेन केन्द्रीय महाधिवेशन प्रतिनिधि हुने व्यवस्था छ। यो विशेष महाधिवेशनबाट गरिएको नयाँ व्यवस्था हो ।

१४औँ महाधिवेशनमा गाउँ/नगरपालिका कार्यसमितिका सभापतिलाई केन्द्रीय महाधिवेशन प्रतिनिधिको हैसियत सिधा दिइएको थिएन । त्यस्तै, प्रदेश अधिवेशनको लागि केन्द्रीय महाधिवेशन प्रतिनिधिहरूले नै प्रदेश अधिवेशनको प्रतिनिधि हुनेछन् । १४औँ महाधिवेशनमा महाधिवेशन प्रतिनिधिको उम्मेदवार हुन पार्टीको क्रियाशील सदस्यता प्राप्त गरेको चार वर्ष पूरा हुनुपर्ने प्रावधान थियो । योपटक सो प्रावधान हटेको छ ।

'केन्द्रीय महाधिवेशन प्रतिनिधिमध्येबाट दुई महिलासहित सात जना, पैँतीस वर्ष ननाघेका युवा एक जना र महिला, दलित, आदिवासी जनजाति, खस-आर्य, मधेशी, थारू, मुस्लिम, पिछडिएको क्षेत्रबाट चार जना प्रतिनिधिसभा क्षेत्रको जनसङ्ख्याको बनोटअनुसार तोकिएबमोजिम समानुपातिक आधारमा केन्द्रीय महासमिति सदस्य निर्वाचित गर्नेछ,' विधानको धारा ११ को उपधारा ३ (क) मा भनिएको छ ।

उपधारा ३ (ख) ले प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिको सभापति पदेन महासमिति सदस्य हुने व्यवस्था गरेको छ । त्यस्तै, कांग्रेसको प्रतिनिधिसभा क्षेत्रीय अधिवेशनबाट महासमिति सदस्यहरू पनि चयन हुने व्यवस्था छ ।

त्यस्तै, विदेशस्थित जनसम्पर्क समितिको लागि क्रियाशील सदस्यताको संख्याको आधारमा महाधिवेशन प्रतिनिधि तय हुने व्यवस्था छ। एक सय क्रियाशील सदस्यता रहेको देशबाट जनसम्पर्क समितिको अध्यक्ष वा एक जना मात्रै महाधिवेशन प्रतिनिधि र महासमिति सदस्य हुन सक्नेछन् ।

पाँच सय वा सोभन्दा बढी क्रियाशील सदस्यता भएका देशबाट अध्यक्षसहित सात जनाले महाधिवेशन प्रतिनिधि हुने अवसर पाउँछन् ।

दुई हजार वा त्योभन्दा बढी क्रियाशील सदस्य भएको देशबाट अध्यक्षसहित १४ जना केन्द्रीय महाधिवेशन प्रतिनिधि हुन पाउँछन् ।

केन्द्रीय कार्यसमितिले विदेशस्थित जनसम्पर्क समितिबाट केन्द्रीय महाधिवेशन प्रतिनिधि संख्या तोक्दा एउटा देशबाट बढीमा १४ जनाको सीमा राखिएको छ ।

महाधिवेशन प्रतिनिधिमा सभापतिलाई मनोनीत गर्ने अधिकार दिएको छ। सभापतिले क्रियाशील सदस्यबाट बढीमा ७५ जनालाई केन्द्रीय महाधिवेशन प्रतिनिधि मनोनीत गर्न पाउँछन् ।

सभापतिले मनोनीत गर्दा पनि समावेशीलाई ध्यान दिनुपर्नेछ। सभापतिले महाधिवेशन प्रतिनिधि मनोनीत गर्दा महिला, आदिवासी जनजाति, दलित, मधेशी, मुस्लिम, थारू, खस-आर्य, अपांगता भएका, अल्पसंख्यक वा पिछडिएको क्षेत्र, तेस्रोलिंगी, अन्य पेसा-व्यवसाय र विषयमा विज्ञको रूपमा क्रियाशील रहेका विशिष्ट व्यक्ति एवम् लोकतन्त्र स्थापना र पुनर्स्थापनाको आन्दोलनमा सहभागी भएका व्यक्तिमध्येबाट प्राथमिकता दिनुपर्नेछ ।

कांग्रेसको केन्द्रीय महाधिवेशनमा भ्रातृ तथा शुभेच्छुक संस्थाबाट पनि महाधिवेशन प्रतिनिधिहरू सहभागी हुने व्यवस्था गरेको छ । भ्रातृ संस्थाबाट कम्तीमा पाँच र शुभेच्छुक संस्थाबाट कम्तीमा तीन जना महाधिवेशन प्रतिनिधिका रूपमा महाधिवेशनमा सहभागी हुन पाउँछन् ।

## बढ्दै छ महाधिवेशन प्रतिनिधि संख्या

मंसिर २०७८ मा भएको १४औँ महाधिवेशनमा कांग्रेसमा ४ हजार ७४३ जना महाधिवेशन प्रतिनिधि थिए । आगामी १६ देखि १९ असोजमा हुने १५औँ महाधिवेशनमा ७ हजार हाराहारी महाधिवेशन प्रतिनिधि हुने केन्द्रीय निर्वाचन समितिका सदस्यसचिव राजु कटुवालले जानकारी दिए ।

७५३ पालिका सभापति र ३३० प्रदेशसभा क्षेत्रीय समितिका सभापति पदेन महाधिवेशन प्रतिनिधि हुने भएपछि सो संख्या बढ्नेछ । यसअघि १६५ प्रतिनिधिसभा क्षेत्रबाट क्षेत्रीय सभापतिसहित २६ जनाका दर ले महाधिवेशन प्रतिनिधि छानिन्थे । अहिले त्यो व्यवस्था बदलेर ३३ जनाका दरले महाधिवेशन प्रतिनिधि आउने व्यवस्था गरिएको छ ।

अहिले एक प्रतिनिधिसभा क्षेत्रबाट ७ जनाका दरले बढ्दा र पालिका र प्रदेशसभा क्षेत्रीय समिति सभापति थपिँदा विगतको तुलनामा १ हजार ७ सयभन्दा बढी महाधिवेशन प्रतिनिधि थपिनेछन् ।

विदेशस्थित जनसम्पर्क समिति, भ्रातृ संस्था, शुभेच्छुक संस्थालगायतबाट पनि महाधिवेशन प्रतिनिधि सहभागी हुँदा ७ हजार हाराहारी पुग्ने देखिएको हो ।

१५० क्रियाशील सदस्यको सिलिङका आधारमा १६५ प्रतिनिधिसभा निर्वाचन क्षेत्रबाट ५ हजार ४४५ जना, प्रदेशसभा क्षेत्रका पदेन प्रतिनिधि ३३० जना र पालिका सभापतिबाट ७५३ जना महाधिवेशन प्रतिनिधि तथा विदेशस्थित जनसम्पर्क समिति, भ्रातृ तथा शुभेच्छुक संस्थाबाट आउने प्रतिनिधि थपिएपछि संख्या बढ्ने देखिएको हो ।

# जलेश्वर-४ मा कांग्रेस ....

कार्यसमितिका सचिवको अध्यक्षतामा जलेश्वर-४ मसुर पट्टीस्थित हनुमान मन्दिरको प्राङ्गणमा अधिवेशन केन्द्रित बैठकसमेत गरिएको थियो । बैठकमा ५० प्रतिशतभन्दा बढी क्रियाशील सदस्यको उपस्थिति रहेको र त्यसको माइन्युट तथा हस्ताक्षरसमेत गरिएको उहाँले बताउनुभयो ।

तर, उक्त बैठकको निर्णय तथा सदस्यहरूको मागलाई बेवास्ता गर्दै असोज ४ गते छुट्टै रूपमा अधिवेशनको प्रक्रिया अघि बढाइएको सचिव पाण्डेयको आरोप छ ।

उहाँले वडा कार्यसमिति लगायतका पदाधिकारी तथा क्षेत्रीय प्रतिनिधि चयनको प्रक्रिया खुला र पारदर्शी रूपमा हुनुपर्ने माग गर्नुभएको छ । वडा सभापतिको चयनसमेत सहमतिका आधारमा नभई निर्वाचन प्रक्रियाबाटै टुंगो लगाउनुपर्ने उहाँको भनाइ छ। यसैबीच जलेश्वर-४ मा खटाइएको अधिवेशन पर्यवेक्षकको भूमिकामाथि समेत प्रश्न उठाइएको छ । अधिवेशनका लागि खटाइएका अजित ठाकुर यसअघि नेपाली कांग्रेसका बुथ सभापति र हनुभएको तथा १४औँ महाधिवेशनबाट जलेश्वर नगर पालिका-१० को वडा सभापतिमा निर्वाचित व्यक्ति भएकाले उहाँको निष्पक्षतामाथि प्रश्न उठेको वडा सचिव पाण्डेयले बताउनुभयो ।

अधिवेशनमा पर्यवेक्षकको भूमिका निष्पक्ष हुनुपर्ने भए पनि आफूहरूको गुनासो सम्बोधन गर्न तथा विवाद समाधान गर्न प्रभावकारी भूमिका निर्वाह नभएको उहाँको आरोप छ ।

वडा सचिव पाण्डेयले एकतर्फी रूपमा सम्पन्न गरिएको भनिएको अधिवेशनलाई मान्यता नदिई जिल्ला तथा केन्द्रीय निर्वाचन समितिले निर्वाचन प्रक्रियामार्फत पुनः अधिवेशन गराउनुपर्ने माग गर्नुभएको छ। उहाँले भन्नुभयो, "क्रियाशील सदस्यको बहुमतलाई बाहिर राखेर गरिएको अधिवेशनले लोकतान्त्रिक प्रक्रियाको प्रतिनिधित्व गर्दैन । निर्वाचन समितिले निष्पक्ष रूपमा निर्वाचन प्रक्रिया अघि बढाएर अधिवेशन सम्पन्न गराउनुपर्छ।"

आफूहरूको माग सुनुवाइ नभए चरणबद्ध आन्दोलनमा जान बाध्य हुने उहाँले चेतावनी दिनुभएको छ ।

विवादका सम्बन्धमा वडा सभापति सुरञ्जन पाण्डेय तथा अधिवेशन पर्यवेक्षक अजित ठाकुरको पक्षबाट तत्काल कुनै प्रतिक्रिया प्राप्त हुन सकेको छैन ।

कांग्रेसको जिल्ला तथा केन्द्रीय निर्वाचन समितिले विवादित वडाको अधिवेशन प्रक्रियाबारे निर्णय गर्न बाँकी रहेको जनाइएको छ।



# औरही नगर सभापतिमा मैथुल प्रसाद यादव सर्वसम्मत

धर्वेन्द्रकुमार यादव 'यदुवंशी'
**असोज ६ गते, महोत्तरी**

नेपाली काँग्रेसको १५औँ महाधिवेशनअन्तर्गत औरही नगर कार्यसमिति गठनका लागि भएको छलफलबाट मैथुल प्रसाद यादव नगर सभापतिमा सर्वसम्मत चयन हुनुभएको छ। औरही नगर कार्यसमितिका सभापति योगेन्द्र यादव र मतदान अधिकृतको रोहबरमा भएको छलफलबाट यादवलाई नगर सभापतिमा सर्वसम्मत चयन गरिएको हो। नगर कार्यसमितिका अन्य पदाधिकारी तथा सदस्यको चयन भने बुधबार हुने अधिवेशनबाट गरिने जनाइएको छ।

नगर सभापतिमा चयन भएपछि यादवले आफूलाई सर्वसम्मत जिम्मेवारी दिएकोमा पार्टीका नेता तथा कार्यकर्ताप्रति आभार व्यक्त गर्दै सबै पक्षलाई समेटेर संगठनलाई वडा र टोल तहसम्म थप सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो।

उहाँले पार्टीभित्रको एकता, सहकार्य र समन्वयलाई प्राथमिकता दिँदै संगठनात्मक गतिविधिलाई प्रभावकारी रूपमा अघि बढाउने बताउनुभयो।

कार्यक्रमका प्रमुख अतिथि नेपाली काँग्रेसका नेता महेन्द्रकुमार रायले पार्टी संगठनलाई वडा तहदेखि नै व्यवस्थित र सक्रिय बनाउनुपर्ने बताउनुभयो। उहाँले नेता तथा कार्यकर्ताबीच आपसी समन्वय र सहकार्य कायम गर्दै संगठनलाई जनतासँग जोड्नुपर्नेमा जोड दिनुभयो।

नेपाली काँग्रेसका केन्द्रीय सदस्य सुनिलकुमार यादवले गाउँ, वडा र टोल तहसम्म संगठन सुदृढीकरणमा ध्यान दिनुपर्ने बताउनुभयो। उहाँले आन्तरिक एकता र अनुशासन कायम राख्दै जनताका समस्या र आवश्यकतासँग जोडिएर पार्टीका गतिविधि सञ्चालन गर्नुपर्ने धारणा राख्नुभयो।

क्षेत्रीय सभापति उतिम राय यादवले वडा तहबाटै संगठनात्मक गतिविधिलाई सक्रिय बनाउनुपर्ने बताउनुभयो। उहाँले कार्यकर्ताबीच समन्वय र सहकार्य बढाउँदै संगठन विस्तारलाई प्राथमिकतामा राख्नुपर्ने बताउनुभयो।



मधेश प्रदेश कमिटी सदस्य नरेन्द्र यादवले पार्टीको संगठनलाई वडा तथा टोल तहसम्म विस्तार र सुदृढीकरण गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले स्थानीय जनताका समस्या र आवश्यकतालाई पार्टीका गतिविधिसँग जोडेर अघि बढ्नुपर्ने बताउनुभयो।

नगर सभापति योगेन्द्र यादवले मैथुल प्रसाद यादवको सर्वसम्मत चयनलाई पार्टीभित्र सहमति र सहकार्यको अभ्यासका रूपमा लिनुपर्ने बताउनुभयो। उहाँले आगामी दिनमा सबै पक्षलाई समेटेर नगर संगठनलाई प्रभावकारी बनाउँदै लैजानुपर्ने धारणा राख्नुभयो।

कार्यक्रममा नेपाली काँग्रेसका नेता महेन्द्रकुमार राय, केन्द्रीय सदस्य सुनिलकुमार यादव, क्षेत्रीय सभापति उतिम राय यादव, मधेश प्रदेश कमिटी सदस्य नरेन्द्र यादव, नगर तथा वडा सभापतिलगायत नेता तथा कार्यकर्ताको सहभागिता थियो। औरही नगरपालिका-१ देखि ९ सम्मका वडा सभापति तथा वडा कार्यसमितिका पदाधिकारी र सदस्यसमेत कार्यक्रममा सहभागी भएका थिए। नगर कार्यसमितिका बाँकी पदाधिकारी तथा सदस्यको चयन बुधबार हुने अधिवेशनबाट गरिने जनाइएको छ।

# जलेश्वर-४ मा कांग्रेस वडा अधिवेशनमा विवाद



खबर दर्पण समाचारदाता
**असोज ६ गते, बर्दिवास**

नेपाली कांग्रेसको १५औँ महाधिवेशनअन्तर्गत महोत्तरीको जलेश्वर नगरपालिका-४ मा सम्पन्न वडा अधिवेशनको प्रक्रियालाई लिएर विवाद उत्पन्न भएको छ । वडा सभापति सुरञ्जन पाण्डेयले क्रियाशील सदस्यको बहुमतलाई बेवास्ता गर्दै एकतर्फी रूपमा वडा समिति तथा क्षेत्रीय प्रतिनिधि चयन गरेको वडा कार्यसमितिका सचिव अनिलकुमार पाण्डेयले आरोप लगाउनुभएको छ ।

नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको निर्णयअनुसार असोज १६ देखि १९ गतेसम्म १५औँ केन्द्रीय महाधिवेशन हुँदैछ । त्यसअन्तर्गत वडा अधिवेशनको प्रक्रिया अघि बढिरहेका बेला जलेश्वर-४ मा विवाद देखिएको हो ।

वडा सचिव पाण्डेयका अनुसार असोज ४ गते सुगा गाउँमा एक व्यक्तिको घरको प्राङ्गणमा गरिएको भेलाबाट वडा समिति तथा क्षेत्रीय प्रतिनिधि चयन गरिएको थियो । उक्त भेलामा वडाका ५१ प्रतिशत क्रियाशील सदस्यको सहभागिता नरहेको र उनीहरूको लोकतान्त्रिक अधिकारलाई कुण्ठित गरिएको उहाँको दाबी छ ।

उहाँका अनुसार अधिवेशनको प्रक्रिया खुला, पारदर्शी र सबै क्रियाशील सदस्यको सहभागितामा सञ्चालन गर्न माग गर्दै असोज २ गते वडा

*बाँकी पृष्ठ ३ मा*

**सचेत उपभोक्ता बनौं**

**सामान खरिद गर्दा देहायका बिषय एकिन गरौः**

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

**सामान खरिद गर्दा सकेसम्म बैकिङ माध्यमबाट भुक्तानी गरौं**
**भुक्तानी गरेको मूल्य बराबरको विल लिऔं**

**गौशाला नगरपालिका, महोत्तरी**

**स्वच्छ शहरः स्वस्थ्य शहर**

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट-विरुवा तथा फलफूलको संरक्षण गरौं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय-समयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

**शहरलाई सफा राखौः सुन्दर बनाऔं।**

**रामगोपालपुर नगरपालिका, महोत्तरी**

**अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ बर्ष नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल**

२४ सै घण्टा इमर्जेन्सी सेवा
ICU, NICU, PICU सेवा
X-Ray, USG, CT Scan सेवा
Endoscopy/Diode Laser सेवा
Laproscopy सेवा
क्याबिनको स्पेनेट व्यवस्था भएको
बिभिन्न रोगहरूको विशेषज्ञ डाक्टरहरूद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
24/7 Ambulance सेवा




**शुभ स्वस्तिक हस्पिटल प्रा.लि.**
मेनरोड बर्दिबास, महोत्तरी
044-550255

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८७४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,